# देवानगञ्ज गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

१ नं. प्रदेश, नेपाल

प.सं. ०७४/०७५

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०३/१९

यस कार्यालयबाट आ.व. २०७५/०७६ का लागि आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्तद्वारा संकलन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलको शर्त बन्देजका अधिनमा रही बोलपत्र फारम देवानगञ्ज गाउँपालिकाबाट खरिद गर्न र १६औं दिनको १२:०० बजेभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट शिलबन्दी बोलपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्काको विवरण

| क.सं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम अंक ( मू.अ.कर सहित) | बोलपत्र मूल्य फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/०७५/०७६ | मवेशी हाट, देवानगञ्ज-३, सुनसरी | १,२५,०००/०० | ५००/०० | |

**शर्त तथा बन्देजहरु**

१. कर असुलीसम्बन्धी दररेटहरुको विवरण तथा ठेक्कापट्टासम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्म हुनेछ ।

४. बोलपत्रदाताले शिलबन्दी खामको बाहिर पट्टि ठेक्काको विवरण, बोलपत्रदाताको नाम, ठेगाना प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र फारामका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त (PAN) को प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि र आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाणपत्र समेत बोलपत्र फाराम खरिद समयमै पेश गर्नु पर्नेछ । धरौटी बापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम यस कार्यालयको नाममा रा.वा. बैंक इनरुवा शाखामा रहेको धरौटी खाता २२२०३०३००७१०८ मा नगद धरौटी रकम जम्मा गरी सो

को सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकद्वारा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तिमा ९० दिनसम्म मान्य म्याद रहने सोही रकम बमोजिमको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

६. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

७. कबोल रकम अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. अंक र अक्षरलाई काटी पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलपत्रदाताले अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ ।

१०. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २:०० बजे सो दिन बिदा परेमा भोलिपल्ट यस कार्यालयमा नियमानुसार खोलिनेछ ।

११. कबोल गरेको अंकलाई बराबर तीन किस्ता कायम गरिनेछ । पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ । त्यसपछिका किस्ताहरु क्रमशः अघिल्लो किस्ताको महिनाको मसान्तभित्र बुझाउनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले ठेक्का कबोल अंक रकम सम्झौता गर्दा नै एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

१२. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ । उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

१३. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिनेछ । साथै रसिदको नमूना यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

१४. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

१५. कुनै ठेक्का वा कर उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

१६. धरौटी बापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइनेछैन ।

१७. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नुपर्ने आयकर, मू.अ.कर लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने रकम यस कार्यालयमा सम्बन्धित ठेकेदारले दाखिला गर्नु पर्नेछ ।

१८. ठेकेदारले अनिवार्य रुपमा ठेक्का क्षेत्रभित्रका बजार सरसफाई कार्य सम्बन्धित वडा कार्यालयको सल्लाह बमोजिम र समन्वयमा आफैंले गराउनु पर्नेछ ।

१९. ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले यो सूचना बमोजिमको ठेक्का प्रक्रियामा भाग लिन पाइनेछैन ।

२०. यस कार्यालय वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

२१. सम्बन्धित कर संकलनका लागि यस कार्यालयद्वारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइनेछैन ।

२२. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२३. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२४. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइनेछैन ।

२५. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

२६. ठेकेदारले आफूलाई चाहिने स्टेशनरी सामान, जनशक्ति कुनै कसैलाई दिएको चन्दा आर्थिक सहायता आदि सबै वन्दोवस्ती आफैंले मिलाउनु पर्नेछ र पछि कुनै दावी गर्न पाइने छैन ।

२७. यस सम्बन्धमा अन्य जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ र यो सूचना कार्यालयको वेवसाइट www.dewanganjmun.gov.np मा पनि राखिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत